# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८ ] काठमाडौं, फागुन ६ गते २०२५ साल [ संख्या ४४


श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

नगर पञ्चायत ऐन, २०१६ को दफा ४४ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपालगञ्ज नगर पञ्चायत ईलाका भित्र भएको जनसंख्या वृद्धिलाई ध्यानमा राखी सो नगर पञ्चायत ईलाकाको पुनः वडा विभाजन गरी नयां चुनाव गर्नु पर्ने भएकोले उक्त नगर पञ्चायतलाई खारेज गरेको छ ।

उक्त ऐनको दफा ५८ बमोजिम श्री ५ को सरकार अधिनष्ट हुन आएको उक्त खारेज भएको नगर पञ्चायतको ऋण, धन, अधिकार, दायित्व, जायजेथा, गैन्ह मध्ये सो नगर पञ्चायतको अधिकार अर्को नगर पञ्चायतको गठन नभएसम्मको लागि बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारीले प्रयोग तथा पालन गर्न पाउने गरी निजलाई सुम्पिएको छ र ऋण, धन, दायित्व, जायजेथा गैन्हको हकमा पनि अर्को नगर पञ्चायत गठन भए पछि सोही पञ्चायतलाई हस्तान्तरण गर्ने गरी हाललाई निज प्रमुख जिल्ला अधिकारीले सञ्चालन गर्न पाउने गरी निजको जिम्मामा राखिएको छ ।

आज्ञाले-

सुन्दरप्रसाद शाह

श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र, लागु हुनेछ।